म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्षः१६ अङ्कः- ८६ २०८१ माघ ३० गते बुधबार 12 February 2025, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-

### काठमाडौं ग्यास सिलिण्डर विष्फोट

## मनहरीका राईको मृत्यु

हेटौंडा : काठमाडौंको कमलपोखरीमा रहेको शान्दार मःम पसलमा ग्यास सिलिन्डर विस्फोट हुँदा घाइते भएका मकवानपुरको मनहरी गाउँपालिका-५ का रविन राईको मृत्यु भएको छ । कीर्तिपुर बर्न अस्पतालमा उपचारका क्रममा राईसँगै उदयपुर जिल्लाको कटारी नगरपालिका-८ का २५ वर्षीय भीमबहादुर घले मगरको सोमबार राती मृत्यु भएको प्रहरीले जनाएको छ । गएको बिहीबार बिहान मःम पसलको ग्यास विस्फोट हुँदा १४ जना घाइते भएका थिए । तीमध्ये ११ जना घाइतेको उपचार भइरहेकोमा दुई जनाको ज्यान गएको हो । घाइते नौ जनाको कीर्तिपुरमा नै उपचार भइरहेको प्रहरीले जनाएको छ ।

### उच्च अदालतद्वारा रिट खारेज

# हेटौंडाको फोहोर उठाउन सुरु



फोहोर संकलन गर्दै हेटौंडा उपमहानगरपालिकाका सरसफाई कर्मचारी ।

समाज संवाददाता

हेटौंडा : हेटौंडा उपमहानगर पालिकाको फोहोर व्यवस्थापनसम्बन्धमा परेको रिट निवेदन उच्च अदालत पाटन हेटौंडा इजलासले खारेज गरेसँगै हेटौंडा उपमहानगरपालिकाले हेटौंडा बजारक्षेत्रको फोहोर उठाउन सुरु गरेको छ। मंगलबार उच्च अदालत पाटन हेटौंडा इजलासकी न्यायाधीश यमुना भट्टराई र सानुमाया डंगोलको संयुक्त इजलासले रिट निवेदन खारेज गरिदिएको हो । रिट निवेदन खारेज भएसँगै हेटौंडा उपमहानगर पालिकालाई डम्पिङ साइटमा फोहोर व्यवस्थापन गर्न बाटो खुलेको थियो ।

अदालतले रिट निवेदन खारेज गरेलगत्तै मंगलबार मध्यान्हदेखि हेटौंडा उपमहानगरपालिकाले हेटौंडा बजारक्षेत्रको फोहोर उठाउन सुरु गरेको हो । गत मंगलबार योगेन्द्रप्रसाद उपाध्यायले दायर गर्नुभएको रिट निवेदनमा उच्च अदालत पाटन हेटौंडा इजलासकी न्यायाधीश डा. निर्मला पौडेल भट्टराईले अन्तरिम आदेश जारी गर्दै डम्पिङ साइटमा फोहोर नफाल्न भनिएको थियो। उच्च अदालतको अन्तरिम आदेशपछि हेटौंडा उपमहानगर पालिकाले बिहीबार एक सूचना जारी गर्दै फोहोर संकलनको कार्य स्थगित गरिएको जनाएको थियो । अदालतले डम्पिङ साइटमा फोहोर नफाल्न अन्तरिम आदेश जारी गरेसँगै उपमहानगरपालिकाले वैकल्पिक व्यवस्था नगरी फोहोर संकलन नै रोकेपछि गत शुक्रबारदेखि फोहोर संकलन तथा व्यवस्थापनको कार्य रोकिएको थियो ।

गत मंगलबार उच्च अदालतले अन्तरिम आदेश जारी गर्दै रिट निवेदन दायर गर्ने पक्ष र रिट निवेदनमा विपक्षी बनाइएको हेटौंडा उपमहानगरपालिका र ग्रीन एण्ड क्लिन सिटी प्रालि दुबै पक्षलाई माघ २९ गते मंगलबार अदालतमा छलफलका लागि बोलाएको थियो । मंगलबार रिट निवेदकको तर्फबाट अधिवक्ता अज्मीर केसीले बहस गर्नुभएको थियो भने विपक्षी हेटौंडा उपमहानगर पालिकाको तर्फबाट उपमहानगरका कानुन अधिकृत लक्ष्मण मैनाली र कानूनी सल्लाहकार वरिष्ठ अधिवक्ता ईश्वरराज ढकाल, ग्रीन एण्ड क्लिन सिटी प्रालिको तर्फबाट वरिष्ठ अधिवक्ता ध्रुवप्रसाद चौलागाई, अधिवक्ता मदन प्रसाद दाहाल, मनप्रसाद भट्टराई र बालकृष्ण अधिकारीले बहस गर्नुभएको हो । ५ दिन फोहोर नउठ्दा हेटौंडा बजार क्षेत्रमा फोहोर थुप्रिएको थियो ।

# बागमतीका ८ सहकारीको फाइल सिआईबीमा

समाज संवाददाता

हेटौंडा : बचतकर्ताको रकम हिनामिना गरेको भन्दै ८ सहकारीलाई छानविन गर्न बागमती प्रदेश सरकारले प्रहरीमा पठाएको छ । प्रदेशको सहकारी तथा गरिबी निवारण मन्त्रालयअन्तर्गतको सहकारी महाशाखाले बचतकर्ताको रकम फिर्ता नगरी हिनामिना गरेको भन्दै ८ सहकारी संस्थाको अनुसन्धानका लागि नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) मा पठाएको हो ।

बतकर्ताहरुले उजुरीका आधारमा ति सहकरीहरुलाई अनुसन्धानका लागि सीआईबीमा पठाएको हो । महाशाखाले मञ्जुश्री बचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाडौं, झिंगु समाज बचत तथा ऋण सहकारी संस्था लिमिटेड भक्तपुर, मुकुल बचत तथा ऋण सहकारी संस्था लिमिटेड बनेपा, डिलाइट बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड ललितपुर, नवजीवन बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड भक्तपुर, फलफूल बचत तथा ऋण सहकारी संस्था लिमिटेड काठमाडौं, सिटी बचत तथा ऋण सहकारी संस्था लिमिटेड ललितपुर र पशुपती बचत तथा ऋण सहकारी संस्था लिमिटेड भक्तपुर लाई अनुसन्धानको लागि सीआईबीमा पठाइएको हो ।

बचतकर्ताको उजुरीका आधारमा समस्या देखिएका उक्त सहकारीहरुलाई पटक-पटक छलफलमा बोलाउँदा उपस्थित नहुने, महाशाखाको निर्देशन अटेर गर्ने, बचत फिर्ता नगर्ने, बचत फिर्ताको कार्ययोजना पेश नगर्ने लगायतका गतिविधिका कारण अनुसन्धानका लागि सीआईबीमा पठाइएको महाशाखाका रजिष्ट्रार कुमार तामाङले जनकारी दिनुभयो । प्रदेश सहकारी ऐन २०७६ को दफा २० मा सहकारीको मूल्य, मान्यता, सिद्धान्त पालना गर्नुपर्ने व्यवस्था छ । तर ति सहकारी संस्थाहरुले कुनै पनि नियम पालना नगरेको र सहकारी महाशाखाले कुनै पनि छलफल तथा बचत फिर्ताको लागि पत्राचार गरिहरन नपर्ने देखिएपछि यस्ता सहकारीहरुको फाइल सीआईबीमा पठाइएको उहाँले बताउनुभयो ।

उहाँका अनुसार मञ्जुश्री सहकारी विरुद्ध ७६ जना बचतकर्ताले उजुरी दिएका छन् । नारायणी घिमिरे अध्यक्ष रहेको उक्त सहकारी विरुद्ध ६ करोड ५५ लाख ७९ हजार ७५० रुपैयाँ रकम विगो दावी रहेको छ । जनक थापा अध्यक्ष रहेको भक्तपुरको झिंगु समाज सहकारीका ५ जना बचतकर्ताले बचत फिर्ताको माग गर्दै उजुरी दिएका उहाँले बताउनुभयो । उनीहरुले ५६ लाख ५८ हजार ९७३ रुपैयाँ बचत फिर्ताको माग गर्दै महाशाखामा उजुरी दिएका थिए ।

बनेपाको मुकुल सहकारीका ३५ जना बचतकर्ताले बचत फिर्ता नपाएको भन्दै उजुरी गरेको र सो विषयमा पटक-पटक छलफल गर्दा सहकारीका संचालक उपस्थित नभएपछि अनुसन्धानमा पठाइएको रजिष्ट्रार तामाङले बताउनुभयो । सुमन सुब्बा अध्यक्ष रहेको सो सहकारीको १ करोड ४६ लाख ८ हजार ९९१ रुपैयाँ बचत फिर्ताको माग गरिएको छ । उहाँका अनुसार ललितपुरको डिलाइट बहुउद्देश्यीय सहकारीले ४६ जना बचतकर्ताको १ करोड ८३ लाख ४३ हजार रुपैयाँ बचत फिर्ताको माग आलटाल गर्दै आएको थियो । ४६ बचतकर्ताको उजुरीका आधारमा सो सहकारीलाई अनुसन्धानका लागि सीआईबीमा पठाइएको बताइएको छ । १ करोड ५० लाख रुपैयाँ बचत फिर्ताको माग गर्दै २ बचतकर्ताको उजुरी परेको प्रकाशचन्द्र न्यौपाने अध्यक्ष रहेको काठमाडौंको फलफूल सहकारीलाई छानबिनका लागि पठाइएको छ । कृष्ण महर्जन अध्यक्ष रहेको ललितपुरको सिटी सहकारी विरुद्ध २ करोड २७ लाख ९६ हजार २२ रुपैयाँ बचतफिर्ताको माग गर्दै महाशाखामा उजुरी परेको थियो। ४८ जना बचतकर्ताको उजुरीको आधारमा सो सहकारीलाई अनुसन्धानका लागि सिआईबीमा पठाइएको हो । डम्बरध्वज सुब्बा अध्यक्ष रहेको भक्तपुरको नवजीवन बहुउद्देश्यीय सहकारी, भक्तपुरको सीबी लामा अध्यक्ष रहेको पशुपती सहकारी माथि अनुसन्धानको लागि सीआईबीमा पठाइएको छ ।

# हेटौंडा उपमहानगर बालमैत्री घोषणा हुँदै

समाज संवाददाता

हेटौंडाः भोलि फागुन १ गते बिहीबार हेटौंडा उपमहानगरपालिकालाई बालमैत्री पालिका घोषणा गरिने भएको छ । उपमहानगरपालिकाको स्थापना दिवसको अवसरमा बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गरिने भएको हो ।

मंगलबार पत्रकार सम्मेलनमार्फत् हेटौंडा उपमहानगरपालिकाकी प्रमुख मीनाकुमारी लामाले बालमैत्री घोषणा गर्न आवश्यक ५१ वटा सूचक पूरा भएसँगै उपमहानगरलाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्न लागेको जानकारी दिनुभयो । ४३ वटा सूचकको लक्ष्य शत प्रतिशत पूरा भएको उहाँले बताउनुभयो। ४ सूचकमा ९९ प्रतिशतभन्दा बढी नतिजा हासिल भएको छ। यस्तै, ३ वटा सूचकमा ९० प्रतिशतभन्दा बढी र एउटा सूचकमा ८८ प्रतिशत नतिजा हासिल गर्दै बालमैत्री घोषणा गर्न लागिएको उहाँले बताउनुभयो।

२०७९ सालको घरधुरी तथ्यांक संकलन सर्वेक्षणअनुसार हेटौंडा उपमहानगरपालिकामा १८ वर्ष मुनिका ५० हजार एक सय ९५ बालबालिका छन् । २६ हजार १ सय ४५ बालक र २४ हजार ५० बालिका रहेका छन् । कुल बालबालिकाको संख्यालाई आधार मान्दा ५२.०८ प्रतिशत बालक र ४७.९१ प्रतिशत बालिका रहेका छन् ।




उपमहानगरपालिकामा टोलस्तरीय २ सय ६५ र विद्यालयस्तरीय १ सय ६ वटा गरी ३ सय ७१ वटा बाल समूह छन् भने १९ वडास्तरीय र एउटा नगरस्तरीय गरी २० वटा बाल सञ्जाल छन् ।

बालबालिकामा लगानीः सुनिश्चित भविष्यको थालनी भन्ने मूल नारासहित निकृष्ट बालश्रममुक्त, बालविबाहमुक्त तथा बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्न लागिएको नगर प्रमुख लामाले जानकारी दिनुभयो । यसअघि १९ वटै वडालाई बालमैत्री स्थानीय शासनयुक्त वडा घोषणा गरिएको थियो। वडाहरु बालमैत्री स्थानीय शासनयुक्त घोषणा भएसँगै उपप्रधान एवम् शहरी विकासमन्त्री प्रकाशमान सिंहको प्रमुख आतिथ्यमा उपमहानगरलाई बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्न लागिएको हो ।

मकवानपुरको १० पालिकामध्ये यसअघि मकवानपुरगढी गाउँपालिका, मनहरी गाउँपालिका र बकैया गाउँपालिका बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा भइसकेका छन्। हेटौंडा उपमहानगर बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणासँगै मकवानपुरको चौथो बालमैत्री स्थानीय शासनयुक्त पालिका हुनेछ ।

बालमैत्री घोषणाका लागि २०७९ साल भदौ ५ गतेबाट सूचक पूरा गर्नका लागि आवश्यक पूर्वाधार र विविध बालमैत्री कार्यक्रमहरु सुरु गरिएको थियो। पत्रकार सम्मेलनमा हेटौंडा उपमहानगरपालिकाका उपप्रमुख राजेश बानियाँ, हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत सूर्यप्रसाद गौतम, वडाध्यक्षहरु लगायतको उपस्थिति रहेको थियो ।

# मुख्यमन्त्री लामा दुवई प्रस्थान

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशका मुख्यमन्त्री बहादुर सिंह लामा संयुक्त अरब इमिरेट्सको (युएई) को दुवई प्रस्थान गर्नुभएको छ । विश्व सरकार सम्मेलन-२०२५ मा सहभागी हुन मुख्यमन्त्री लामा दुवई प्रस्थान गर्नुभएको हो । मुख्यमन्त्री लामाले कृषि तथा पशुपन्छी विकास मन्त्री प्रकाश श्रेष्ठलाई कार्यवाहक मुख्यमन्त्रीको जिम्मेवारी दिनुभएको छ ।

विश्व सरकार सम्मेलनमा मुख्यमन्त्री लामाले 'भविष्यको सरकारको आकार' सत्रमा हुने छलफलमा सहभागी हुनुहुनेछ। मुख्मयन्त्री लामाको सिफारिसमा प्रदेश प्रमुख दीपक प्रसाद देवकोटाले कृषि तथा पशुपन्छी विकास मन्त्री श्रेष्ठलाई कार्यवाहक मुख्यमन्त्री तोक्नुभएको छ । मुख्यमन्त्रीको सिफारिस अनुसार माघ ३० गतेदेखि मन्त्री श्रेष्ठलाई कार्यवाहक मुख्यमन्त्री तोक्नुभएको छ । मुख्यमन्त्री लामाको सचिवालयका अनुसार भ्रमण दलमा प्रमुख स्वकीय सचिव छत्र लामा रहनुभएको छ। मुख्यमन्त्री लामा फागुन ३ गते स्वदेश फर्किने कार्यक्रम रहेको छ।

# विपद्जन्य घटनाको जोखिम बढीरहेको छः मन्त्री लामिछाने

समाज संवाददाता

हेटौंडा : बागमती प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री सुरजचन्द्र लामिछानेले प्रदेशमा जलवायु परिवर्तनका कारण विपद्जन्य घटनाको जोखिम बढीरहेको बताउनुभएको छ । जलवायु परिवर्तनका कारण बाढी, पहिरो, डुबान, चट्याङ, खडेरी, आगलागी लगायतका मौसमजन्य घटनाहरुको असर बढ्दै गएको उहाँले बताउनुभयो ।

हेटौंडामा आयोजित प्रशिक्षक प्रशिक्षण कार्यक्रममा बोल्नुहुँदै मन्त्री लामिछानेले विपद्का कारण मानवीय तथा भौतिक क्षति न्यूनीकरणका लागि संघीय सरकारसँगको समन्वयमा स्थानीय तहहरुको क्षमता वृद्धि मार्फत् वैज्ञानिक तथ्यमा आधारित रहेर निर्णय लिने पद्दती विकासमा जोड दिनुपर्ने बताउनुभयो । सोही लयमा प्रदेश सरकारले निरन्तर क्रियाशिलता देखाएको उहाँले दावी गर्नुभएको छ। 'प्रदेश सरकारले विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनलाई उच्च प्राथमिकता दिँदै आएको छ । नीति निर्माण, पूर्वतयारी, प्रविधि उपयोग, र स्थानीय तहहरुसँगको समन्वय र सहकार्यलाई अझ सघन बनाउने काम भएको छ', मन्त्री लामिछानेले भन्नुभयो ।

उहाँका अनुसार विपद् प्रतिकार्यका लागि आवश्यक तथ्यांक उपलब्ध नहुनु, उपलब्ध तथ्यांक भर पर्न योग्य नदेखिनु, पोर्टलहरुले देखाएका तथ्यांक तथा सुरक्षा निकायका विवरणहरुबीच तालमेल नमिल्ने समस्याहरु विद्यमान रहेको छ । जसका कारण तत्काल गर्नुपर्ने प्रतिकार्यका कार्यहरुमा कठिनाई भइरहेको उहाँको भनाई छ । सरकारका निकायको क्षमता अभिवृद्धीसँगै विपद् प्रतिकार्यका लागि पूर्वतयारी गरी प्रदेशबासीको सुरक्षामा प्रदेश सरकार संवेदनशील रहेको उहाँले बताउनुभयो ।

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

॥ बिशेष आकर्षण ॥



हेटौंडा आईडल

हेटौंडा आईडल

Construction Expo-2

निर्माण व्यवसायी संघ मकवानपुरको आयोजनामा यही मिति २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म हेटौंडा-१० टिसिएन चौर मा दोश्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१ हुन गईरहेको छ। सोही अवसरमा **हेटौंडा आईडल** गायन प्रतियोगिता हुने भएकोले ईच्छुक नव गायकहरुले संघको कार्यालयमा सम्पर्क गरी रु. १००/- (रु. एकसय) को फारम खरिद तथा एकप्रति फोटो सहित २०८१ फागनु २ गतेसम्म बुझाउन हुन अनुरोध गरिन्छ।

सम्पर्क :
निर्माण व्यवसायी संघ, मकवानपुर । हेटौंडा-४
सम्पर्क: ०५७-५२०८१६, ९८०६८०००८१ (दिपेश)

CONSTRUCTION EXPO-2

दोस्रो राष्ट्रिय निर्माण तथा ब्यापार महोत्सव-२०८१

फागुन २०८१ फागुन ६ गतेदेखि १८ गतेसम्म

**स्थान** : हेटौंडा-१०, टिसिएन चौर ।

आयोजक : निर्माण व्यवसायी संघ, मकवानपुर । सम्पर्क: ०५७-५२०८१६

महोत्सवका आकर्षणहरु

- निर्माण उपकरण तथा सामग्रीहरुको प्रदर्शनी एवम् बिक्री ।
- बहुराष्ट्रिय कम्पनीहरुको उत्पादनको प्रदर्शनी एवम् बिक्री ।
- सूचना प्रविधि प्रदर्शनी ।
- कृषि उत्पादनको प्रदर्शनी तथा कृषि प्रतियोगिता ।
- दैनिक राष्ट्रिय/स्थानीय कलाकारहरुको प्रश्तुती ।
- शैक्षिक, घरजग्गा, अटो तथा खाना महोत्वस ।
- मनोरञ्जनात्मक बाल उद्यान ।
- नविनतम उपकरणहरुको प्रदर्शनी ।
- नयां/नौलो प्रबिधिको प्रदर्शनी ।

# भ्रमण प्रतिवेदन

## सहिद स्मारक



**स्वस्तिका हुमागाई**



मिति २०८१/१० /१५ गते हामी कक्षा १ देखि ८ सम्मको विद्यार्थीहरू हेटौँडा-११ स्थित सहिद स्मारक वनभोज कार्यक्रममा पुगेका थियौँ । हेटौंडाको पश्चिम दिशामा पर्ने सहिद स्मारक हेटौँडा-११ मा रहेको छ । यो एक ठूलो पर्यटकीय क्षेत्र पनि हो । प्रत्येक वर्ष हामी यसरी नै वनभोज कार्यक्रममा जाने गर्छौं । यसैगरी यसपाली पनि हामी विभिन्न उद्देश्य लिएर कार्यक्रममा गयौं ।

बिहानीको मिरमिरे उज्यालोसँगै हामी विद्यार्थीहरू र आदरणीय शिक्षकहरू हाम्रो श्री कमला आधारभूत विद्यालयको प्राङ्गणबाट गाडी चढेर बागमती प्रदेशको राजधानी सहर हेटौँडा हुँदै सहिद स्मारक पुग्यौं । त्यहाँ पुगेपछि हामी सबैजना मिलेर चिया नास्ता गऱ्यौं । हामी सबै विद्यार्थीहरू र शिक्षकहरूसहित स्मारकमा भएका विभिन्न वस्तुहरू हेर्नतर्फ लाग्यौं । हामीले जाँदाजाँदै सुरुमा लोपोन्मुख जङ्गली जनावर हरू जस्तै चितुवा, चिल, परेवा, मृग, जरायो, मयुर, बाँदर, कछुवा, गोही, इमु चरा, गिद्द, बेलायती मुसा, खरायो हेऱ्यौं । त्यसैगरी हामीले लिएको वनभोज कार्यक्रमको उद्देश्य सहितहरूको बारेमा अवलोकन गर्ने थियो ।

त्यहाँ घुम्ने क्रममा हामीले सहिदहरूको आकृति भएको ठाउँमा पुग्यौं । हामीले त्यहाँ ज्ञात, अज्ञात गरी १६ जना सहिदहरूको आकृति देख्यौं । जसमा चार महान सहिदहरु शुक्रराज शास्त्री, दशरथचन्द्र ठाकुर, धर्मभक्त माथेमा र गंगालाल श्रेष्ठ लगायत एक महिलासहितको आकृति देख्यौं । त्यससहित स्मारकको स्थापना र सहिदहरूको आकृति भएको स्मारकको उद्घाटन २०५१/१०/१६ गते सम्माननीय प्रधानमन्त्री मनमोहन अधिकारीज्यूले गर्नुभएको थियो । हामीले सहिद दिवस जहिले पनि प्रत्येक वर्ष माघ १६ गते मनाउने गर्छौं । सहिदहरूको आकृति सँगसँगै त्यहाँ हामीले नेपालको प्रमाणिक समयको आधारमा मानिएको गौरीशंकर हिमाल पनि हेऱ्यौं । त्यहाँका फुल बगैँचा लगायत दृश्यहरू हेर्दै फेरि हामी वनभोज कार्यक्रम भएको स्थानतिर गयौँ ।

सबैजना मिलेर खाना खायौं । त्यसपछि हामी मनोरञ्जनका लागि विभिन्न खेलकुद जस्तै चिप्लेटी, घोडेपिङ र रोटेपिङ खेलेर मनोरञ्जन लियौं । त्यसपछि सबै शिक्षक र विद्यार्थीहरू मिलेर नाच्दै गाउँदै त्यहाँको हरियाली रंगीन फुल बगैंचा-बगैंचा स्वच्छ वातावरणलाई बाई बाई गर्दै हामी त्याहाँबाट आफ्नै गन्तव्यतर्फ फर्कियौँ र आफ्नो विद्यालयमा पुगेर सबैजना बिदा भई आ-आफ्नो घर लाग्यौं ।

*कक्षा-४, कमला आधारभूत विद्यालय हेटौँडा-१८*

# नारी



**स्मृति राई**

किन नारीले नै गर्नुपर्छ यति धेरै कष्ट
नारीले नै सहनुपर्छ यति धेरै दुख
बिहानदेखि बेलुकीसम्म काम गर्नुपर्छ
राम्रोसँग खाना नखाई भोकै बस्नुपर्छ ।

चुलो, भान्सा, घरको धन्दा नारीले नै गर्नुपर्छ
दुख, कष्ट पनि नारीले नै सहनुपर्छ
नौ नौ महिना कोखमा बच्चा नारीले नै राख्नुपर्छ
पुरुषको हेपाइ नारीले नै सहनुपर्छ ।

सानैमा बिहे गर्दिने आमाबुबाको रहर हुन्छ
स्कूल पढ्न जान नपाई घरमै बस्नुपर्छ ।
अरुको हँसाईमा नारनी नै हाँस्नुपर्छ
अरुले जे भन्यो त्यही गर्नुपर्छ ।

नयाँ कुरा सिक्न नपाई घरमा काम गर्नुपर्छ
नयाँ ठाउँ घुम्न जान नारीलाई नि रहर हुन्छ ।
खाने, लाउने, हाँस्ने नारीलाई पनि रहर हुन्छ होला
तर, पुरुषको हेपाइ नारीले नै सहनुपर्छ ।

*कक्षा-५, रेडरोज इंग्लिस बोर्डिङ स्कूल, हेटौँडा-१६*

# मुक्तक




**श्रेया तिमल्सिना**

तिमिले पट्यार नमानि कटाएको समय प्यारो लाग्छ आमा
अभावमा पनि तिमिले प्राप्त गरेको बिजय प्यारो लाग्छ आमा
कसरि गरौ तिम्रा ति निशब्द भावनाहरूको वणर्न
नुनको अभावमा पनि खुन बगाउने ह्रदय प्यारो लाग्छ आमा

मकवानपुर बहुमुखी क्याम्पस

**•पैदलयात्रीले सडक पेटीको प्रयोग गर्ने गरौं ।**
**•जेब्रा क्रसिङ प्रयोग गर्ने पैदलयात्रीलाई बाटो काट्न प्राथमिक दिऔं ।**
**•ट्राफिक नियमको पालना गरेर सुरक्षित यात्रा सुनिश्चित गरौं ।**
समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

# भाइबहिनीका किताब




**किताब काका**
**लेखक: रामदेव पाण्डे**
**चित्र: देव कोइमी**
**प्रकाशक: खोजी प्रकाशन**
**मूल्य: रू २२५/-**
**उमेर समूह: ८ देखि १० वर्ष**

भाइबहिनीहरुलाई कथा पढ्न खुब मन पर्छ । अझ एउटै किताबमा धेरै कथाहरु भए भने त झन् मज्जा, होइन त ? ल, आज भाइबहिनीका लागि विभिन्न चारवटा रमाइला कथा भएका किताबको बारेमा जानकारी गराउँदै छौँ ।

'किताब काका' शीर्षकको यो किताबमा चारवटा रमाइला कथाहरु छन्: 'सहिद चरा', 'मजाको खिचडी', 'सेलिनाको सन्देश' अनि 'किताब काका' । सबै कथाहरु उत्तिकै रोचक र सन्देशमूलक भए पनि यहाँ भाइबहिनीलाई शीर्षक कथा 'किताब काका' को बारेमा थोरै जानकारी दिँदै छौं ।

यो कथा काठमाडौँमा बस्नुहुने माधव काकाको कथा हो । लामो समयसम्म छुट्टी नमिलेर घर आउन नपाउनुभएका काकालाई एकैचोटी दुई वर्षपछि दसैँमा छुट्टी मिल्छ । घर आउँदा काकाले आफूसँगै दुइटा झोला पनि बोकेर ल्याउनुहुन्छ । काकाले कथाकी पात्र साक्षीलाई दुइमध्ये एउटा गह्रुँगो झोलामा के होला ? भन्ने जान्न मन लाग्छ ।

अब त्यसमा के होला भनेर त कथाको शीर्षकबाटै भाइबहिनीले अनुमान लगाइहाल्नुभयो होला । आखिर त्यति गह्रुँगो गरी किताब बोक्न काकालाई किन मन लागेको होला ? अनि सहिद चराको चरा कस्तो होला ? खिचडी कसरी मजाको भयो होला ? र सेलिनाले कथामा के सन्देश दिन्छिन् होला ? यहाँ सबै कुरा भनियो भने त किताब पढ्न मजा नै हुँदैन नि !

३२ पृष्ठको यो किताब भाइबहिनीका लागि खोजी प्रकाशन गृह प्रालिले प्रकाशन गरेको हो । यसका लेखक रामदेव पाण्डे हुनुहुन्छ भने कला चाहीँ देव कोइमीको रहेको छ । हेटौँडाका भाइबहिनीका लागि यो किताब रु. २२५ मा भैरबरोडमा रहेको किताबघरमा उपलब्ध छ ।

# चित्रकला






Riwaj Basnet
Class 5, Navodaya Shishu Sadan, Hetauda-4





**राहुल राउत**
**हेटौँडा क्याम्पस**





**बिहान कार्की**
**कक्षा-४, कमाने एकेडेमी, हेटौँडा-८**






**दिपसन अर्याल**
**कक्षा:- ६, सोलिड्यारिटि ईन्टरनेशनल एकेडेमी स्कूल, हेटौँडा-१०**

# तिमी पनि त, बलिदानी छौ,



**सरोजप्रसाद साह**

तिमी पनि त, बलिदानी छौ,
आऊ बलिदान गर ।

तिमी, कृषक हौ...,
उब्जाऊ अन्न, धर्तीको छाती चिरेर,
चलाऊ हलो, बञ्जर खेतमा पनि,
कति..., भोकै, छट्पटाइरहेका छन्,
आऊ, छिटो आऊ, अन्न दान गर ॥
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ॥।

तिमी, शिक्षक हौ..., वैज्ञानिक, सिपाही र भविष्य,
निर्माण गर,
मस्तिष्कको, हरेक निउरोंसमा,
राष्ट्रनिर्माण भर,
नैतिकता, कौशल र उडान भर ।
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ॥

तिमी, वैज्ञानिक हौ, आविष्कार गर,
रातदिन खटेर, देशको समृद्धि माथि,
अनुसन्धान गर,
नवयुगमा विचार गर ।
यो देश, तिम्रो पर्खाइमा छ,
समृद्धिको, आविष्कार गर,
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ॥

तिमी, विद्यार्थी हौ, ज्ञानमा विचार गर,
ज्ञानको कृषक बन, कृषकको ज्ञान बन,
यो राष्ट्र, तिम्रो, अमिट पर्खाइमा छ,
नवपथको, निर्माण गर ।
यहाँ, हरेक वनको, हरेक पात,
तिम्रो, पर्खाइमा छ,
नवयुगको, सुरुवात गर ।
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ॥

तिमी, ड्राइभर हौ, उत्कृष्ट बाटो निर्धार गर,
सहि दिशा, निर्धार गरी,
मार्गदर्शन, तयार गर ।
मुलुक रूपी गाडी, तिम्रै हातमा छ, अब,
मार्गचित्र, सञ्चार गर,
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ॥

तिमी, डाक्टर हौ, असहाय, बिरामीको उपचार गर,
बलियो योद्धा, र स्वस्थ, देशको, निर्माण गर,
तिमीले, थाक्न मिल्दैनन् ।
तिमी देशको, जीवित भगवान हौ
राष्ट्रनिर्माताका, सारा घाउ र पीडाको, उपचार गर,
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ॥


तिमी, इन्जिनियर हौ.., अन्तरिक्ष ढाक्ने, रकेट निर्माण गर,
सबैका, सपनाको दरबार, तयार गर,
सहारारुपी छतको, ढलान गर ।
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ॥

तिमी, पाइलट हौ.., समृद्धिको उडान भर,
बनी, नेपाली डाँफे, आकाशको, उदार गर ।
नेपालीहरु, लामो प्रतीक्षामा छन्,
गगनयान, तयार गर,
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ॥

तिमी, श्रमिक हौ.., पाखुराले, वार गर,
स्वप्नको देश, निर्माण गर,
समृद्धिको, हरेक ईट्टा, तिम्रो पर्खाइमा छन्,
मौलिकता, विज्ञान भर ।
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ॥

तिमी, जे-जे छौ, त्यहीँबाट सुरुवात गर,
तिम्रै आशमा, यो देश छ,
मातृ ऋण, भुक्तान गर ।
तिमी पनि त बलिदानी छौ,
आऊ बलिदान गर ॥

# आमा तिम्रो माया



**सम्पन्न सापकोटा**


मेरी आमा तिमी मायाकी खानी
तिमी नै हौ मेरो जीवनकी रानी
हामीले खोजे पाइन्छ कोही घरी घरी
तर जन्म दिने आमा पाइँदैन कसैगरी ।

माया हुन्छ आमाले खुवाएको गाँस गाँसमा
माया गर्ने मानिस हुन्नन् अहिलेको समयमा
आमा छिन् प्यारी माया र ममताले गरी
उनकै चर्चा छ पृथ्वीभरि ।

क ख ग घ लेख्न उनैले सिकाइन्
मेरो जीवनको मार्ग उनैले देखाइन्
तिम्रो अगि कोही छैन मेरा लागि धनी
दीन दुःखीका लागि छ तिम्रो मन धनी ।

*कक्षा-४, नवोदय शिशु सदन, हेटौंडा-४*

# आमा



**कृष्टिना गौतम**

आकाशको तारा रातीको जुन
तपाइँ आमाको नाममा भगवान हुन् ।
आमा तिमी मायाको खानी
तिमीले सिकायौ सानी हुँदा हरेक आनिबानी ।

आमा तिमी हौ जीवनको आधार
तिमी बिना हुन्छ सारा संसार बेकार
तिमीले दिएको माया र साथ
जीवनभर रहनेछ याद ।

आमा तिम्रो हँसिलो मुहार
मेरा`सबभन्दा ठूलो उपहार
आमाकै कारणले पाउने छौं साथ
सबै छोराछोरीले पाउँछन् आमाको त्यो काख ।

आमाको साथमा पाउँछौं ज्ञानका कुरा
आमा बिना हुँदैन हाम्रो जीवन पूरा
आमा नै हुन् हाम्रो खुसी
आमालाई बनाउनु हुँदैन हामीले दुखी ।

*कक्षा-५, कमला आधारभूत विद्यालय, हेटौंडा-१८*

# वैज्ञानिक कसरी बन्ने



**प्रियन पोखेल**

आज आमालाई सोधेँ
आमा कसरी वैज्ञानिक बन्ने ?
आमा भन्नुहन्छ
धेरै पढ्ने अनि वैज्ञानिक बन्ने

नर्सरीदेखि ३ सम्म पढे
१, २ ए बी सी डी र क ख सबै पढेँ
आमा म कतिको वैज्ञानिक बनेँ ?
आमा भन्नु हुन्छ अझै धेरै पढ्ने

जोड जानेँ, घटाउ जानेँ
गुणन जानेँ, भाग जानेँ
फेरी गएर उहाँलाई भनेँ


आमा भन्नुहन्छ फेरी
न्युटनले स्याउ तल झारे
थोमसले बति बाले
वैज्ञानिक बनिन्छ चन्द्रमामा पुगे

भऱ्याङ बनादिनुस् आमा
बाँस काटेर ल्याइ दिन्छु
वैज्ञानिक बन्ने भए त म
आज चन्द्रमामा गइदिन्छु ।

*कक्षा-६, नवोदय शिशु सदन*
*हेटौंडा-४*

## बुधबारे बालसाहित्य

**यो स्तम्भमा हामी विद्यार्थीको परिचय, विद्यार्थीका रचना, घरमा अभिभावक र बालबालिका अध्ययन गर्दै गरेको तस्वीर, अन्तरवार्ता समावेश गर्नेछौं । आशा छ हामीले विद्यार्थीलाई अध्ययन र लेखनमा प्रेरित गर्न सकारात्मक योगदान गर्न सक्नेछौं ।**



**सम्पादक**

# आमा



**श्रीया बर्तौला**

आमा तिमी त छैनौ नि है मेरो साथमा
बच्चामा हुँदा त कथा सुनाउँदै सुताउँथ्यौ नि
तिम्रो त्यो न्यानो काखमा
मलाई त थाहा पनि छैन आज जान्छु कि भोलि जान्छु भनेर
त्यो मान्छे जलिरहेको मसानघाटमा
हेर्नलाई त मन छ नि बाबा र आमालाई एकै साथमा

नाई त भन्न सक्दिन थियौ नि है मेरो हरेक बातमा
तिम्रा याद आउँछन् नि हरेक दिन अनि रातमा
ताते ताते भनेर समाएर हिँड्थ्यौ नि है मेरो यो हातमा
अहिले पनि सुत्नलाई मन छ नि तिम्रो त्यो न्यानो काखमा

दुःख त धेरै नै लाग्छ नि आमा अरुको परिवारलाई देख्दा एकै साथमा
कहिलेकाहीँ त परिकल्पनामा डुल्न थाले नि प्यासमा
मेरी आमा भइदिएको भए
यो अँधेरो रातमा

आमा तिम्रो मनमा के छ त मलाई थाहा छैन
तर मेरो मनमा चाहिँ तिमी र बाबालाई हेर्न मन छ एकै साथमा
गाली गर्थ्यौ पिट्थ्यौ मेरो हरेक नराम्रो बातमा

कहिलेकाहीँ अरूको आमाबाबालाई देख्दा त भक्कानिन्छ यो मन
तर पनि महसुस गर्छु तिमी छौ नि भनेर मेरो साथमा
तिमी र बाबा भन्दा पहिले नै मेरो लास पुगोस् है
त्यो मान्छे जलिरहेको घाटमा

आमा तिमी त हार्दैनौजस्तो लाग्थ्यो नि मलाई तर त्यो खोलामा तिमी हार्यौ
चिन्ता नगर फेरि म नभएनी मेरो मन त छ नि तिम्रै साथमा
कहिलेकाहीँ त टोलाउँछु नि आमा तिम्रो नै यादमा
जुन र तारालाई गन्दै बसिरहेको हुन्छु नि यो अँधेरो रातमा

बच्चा हुँदा तिम्रो सपना पूरा गर्छु भन्थ्यौ नि है मेरो हरेक बातमा
अब त पर्दैन नि आमा तिमीले मेरो सपना पूरा गर्नलाई
किनभने मलाई तिम्रो आवश्यकता पर्दा कहिले नि हुन सक्दैनौ नि मेरो साथमा

आमा मलाई त यो पनि थाहा छैन मैले हेर्न पाउँछु कि पाउँदिन
तिमी र बाबालाई एकै साथमा
भेदभाव र छुवाछुत त धेरै नै हुँदो रहेछन् यी आमा
तिमी बिनाको टुहुरो जातमा

मेरो सास रहुन्जेल तिमी र बाबालाई देख्न पाउँ है एकै साथमा
म रहुन्जेल तिमी र बाबाको लास देख्न नपरोस् है
मान्छेलाई जलाइरहेको त्यो मसान घाटमा

*कक्षा-९, भुटनदेवी मावि, हेटौंडा-४*





## रोजगारीको अवसर

यस पुनम सप्लायर्सका लागि बजार प्रतिनिधि (Sales Man) को आवश्यकता भएको हुँदा इच्छुक, योग्य व्यक्तिहरुबाट दरखास्त आव्हान गरिन्छ ।

- **तह पद** : बजार प्रतिनिधि (Sales Man)
- **संख्या** : ६ जना ।
- **उमेर** : १८ वर्ष पुरा भएको ।
- **शैक्षिक योग्यता** : साधारण लेखपढ ।
- **आवश्यक कागजात** : नागरिकताको प्रतिलिपि, फोटो, शैक्षिक प्रमाणपत्र ।
- **निवेदन दस्तुर** : रु. ५००/-
- **सेवा सुविधा** : १५,०००/- देखि १,००,०००/-



**सम्पर्क**

**मोबाइल नम्बर ९८५५०७३४९८, ९८०४२०४२६६**
**स्थानः हेटौंडा-१ राप्तीरोड मकवानपुर**


## सूचना । सूचना । सूचना ।

मिति २०८१/१०/२४ गतेदेखि २०८१/१०/३० गतेसम्म भेडा, बाख्रामा लाग्ने महामारी पि पि आर रोग नियन्त्रण तथा रोकथामका लागि सप्ताहव्यापी खोप अभियान संचालन हुन गइरहेकाले आफ्ना भेडा बाख्राहरुलाई पि पि आर रोग विरुद्धको खोप लगाउन नजिकको पशु सेवा शाखामा सम्पर्क गर्नुहुन सबैमा अनुरोध छ ।

पि पि आर भेडा बाख्रामा विषाणुको कारणले लाग्ने महामारी रोग हो । यो रोग लागिसकेपछि संक्रमित पशुको मृत्युदर १०४ देखि ९०% सम्म हुने र ठुलो आर्थिक क्षति हुने भएकाले यस रोग बिरुद्ध खोप लगाई आफ्ना पशुधनलाई सुरक्षित गर्नु उचित हुनेछ ।

**नोट**: परिचयपत्र प्राप्त खोपकर्ताहरुबाट आफ्ना भेडा बाख्रालाई खोप लगाउनुहुन अनुरोध छ ।

**थप जानकारीका लागि**

**पशु सेवा कार्यालय, मकवानपुर**

**९८५५०२७७२९, ९८४५६७४१८२**

### प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगिता

# मकवानपुर क्रिकेट क्लब विजयी




समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा प्रधानमन्त्री कप क्रिकेट छनोट प्रतियोगिता सुरु भएको छ। मंगलबार हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा अध्यक्ष नवीन सिग्देलले निर्णायकलाई बल हस्तान्तरण गरेर प्रतियोगिताको सुरुवात गर्नुभएको हो।

हेटौंडा-४ स्थित हुप्रचौरमा भएको पहिलो खेलमा मकवानपुर क्रिकेट क्लबले विजयी सुरुवात गरेको छ। मकवानपुर क्रिकेट क्लबले क्रिकेट एकेडेमी मकवानपुर (क्यान) ११ को टिमलाई १ सय ७५ रनले पराजित गरेको हो।

खेलाडी छनोटका लागि सञ्चालन गरिएको प्रतियोगितामा टस हारेर पहिले ब्याटिङ गरेको मकवानपुर क्रिकेट क्लबले निर्धारित २५ ओभरमा ३ विकेटको क्षतिमा २ सय ३४ रन बनाएको थियो। मकवानपुरबाट इरफान अलीले सर्वाधिक ६४ रन बनाएका थिए। यस्तै, सुवर्ण भट्टले ५२ रन, रिजन ढकालले ३४ रन, विशेष थापाले २७ रन र रामनरेश गिरीले २२ रन बनाएका थिए। बलिङतर्फ वीरेन श्रेष्ठ, अनिल पाण्डे र समरान गौतमले समान एक/एक विकेट लिएका थिए।

२ सय ३५ रनको लक्ष्य पछ्याएर जवाफी ब्याटिङमा उत्रिएको क्रिकेट एकेडेमी मकवानपुरले ५९ रन बनाउँदै अल आउट हुनुपर्‍यो। राजकिशोर साहले १३ रन जोडेका थिए। बलिङतर्फ साकार गजुरेलले सर्वाधिक ६ विकेट लिएका थिए। प्राञ्जल उपाध्यायले ५ विकेट लिँदा रामनरेश गिरीले २ विकेट लिएका हुन्। खेलको म्यान अफ द म्याच साकार गजुरेल घोषित भएका छन्। म्यान अफ द म्याचको पुरस्कारको प्रायोजन अप्लाइन एजुकेशन फाउण्डेशनका सञ्चालक सरोज बरालले गर्नुभएको छ।

मंगलबारै भएको दोस्रो खेलमा ओमनगर क्रिकेट क्लब विजयी भएको छ। न्यू मर्निङ क्रिकेट क्लबलाई १० विकेटले हराउँदै ओमनगर विजयी भएको हो। टस जितेर पहिले ब्याटिङ गरेको न्यू मर्निङको टिमले निर्धारित २५ ओभरमा ९७ रन बनाउँदै १० विकेट गुमाएको थियो। न्यू मर्निङका युविन बुढाथोकीले सर्वाधिक ५० रन बनाएका थिए। सरोज यादवले १३ रन बनाएका थिए।

बलिङतर्फ असिम श्रेष्ठले ४ विकेट लिएका थिए। रोहित ठाकुरले ३ विकेट लिएका थिए। जवाफी ब्याटिङमा उत्रिएको ओमनगरको टिमले ११ ओभरमा कुनै पनि विकेट नगुमाइ १ सय १८ रन बनाएको थियो। शुभ कंसाकारले ६० रन र गौरव खड्काले ३४ रन बनाएका थिए। खेलको म्यान अफ द म्याच असिम श्रेष्ठ घोषित भएका छन्।

लिग कम नकआउट प्रणालीमा सञ्चालन हुने प्रतियोगितामा ६ वटा टिमको सहभागिता रहेको प्रतियोगिताका संयोजक संजोग पोखरेलले जानकारी दिनुभएको छ। नेपाल क्रिकेट संघ (क्यान) को वार्षिक क्यालेण्डरअनुसार हुन लागेको प्रधानमन्त्री कप क्रिकेट प्रतियोगितामा मकवानपुरका खेलाडीहरु सहभागी गराउन छनोट प्रतियोगिता आयोजना गरेको संयोजक पोखरेलले बताउनुभयो। प्रतियोगितामा सहभागी भएका खेलाडीहरुमध्ये पहिलो चरणमा १८ जना खेलाडी छनोट गरेपछि १४ जनालाई प्रारम्भिक सूचीमा राख्ने उहाँले बताउनुभयो। छनोट प्रतियोगिता फागुन ४ गतेसम्म सञ्चालन हुनेछ। प्रतियोगिताको उपाधि विजेता र उपविजेता टिमले शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने सर्वोकृष्ट खेलाडी, सर्वोकृष्ट ब्याट्सम्यान, सर्वोकृष्ट बलरलाई पनि ट्रफी, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ।

## जग्गादाता खोज्दै गाउँपालिका

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकाले निःशुल्क जग्गादाता खोजेको छ। गाउँपालिकाको वडा नम्बर-३ स्थित छतिवनमा निर्माणाधीन दश शैयाको आधारभूत अस्पतालको कम्पाउण्ड वाल निर्माणका लागि जग्गा आवश्यक रहेकाले ईच्छुक जग्गादाता खोजेको हो।

अस्पताल बनाउने क्रममा प्राविधिक मापदण्डअनुरुप कम्पाउण्ड वाल बनाउन जग्गा अपुग भएपछि दातालाई अनुरोध गरेको गाउँपालिका अध्यक्ष लोकबहादुर मुक्तानले बताउनुभयो। अस्पतालसँग जोखिएको कम्तिमा १ रोपनी २ आना जग्गा प्राप्त गर्नुपर्ने उहाँले जानकारी दिनुभयो। ईच्छुक व्यक्तिले १५ दिनभित्र नियमानुसार निवेदन, जग्गादाताको नागरिकताको प्रतिलिपिसहित गाउँपालिकामा सम्पर्क गर्न जानकारी गराइएको छ।

## अवैध काठसहित २ जना पक्राउ



समाज संवाददाता

हेटौंडा : मकवानपुरको भैंसेबाट अवैध काठसहित २ जना पक्राउ परेका छन्। डिभिजन वन कार्यालय राप्ती मनहरीका अनुसार भैंसेस्थित प्रहरी चौकीबाट २ वटा ट्रकमा अवैध काठ बरामद भएको हो।

गत माघ २३ गते बिहान ३:३० बजे भैसे प्रहरी चौकीले ना ८ ख २४९३ र बा प्र ०३-००१ ख ०३१५ नम्बरको ट्रकबाट टाँचा नभएको तथा बिना इजाजतका उत्तिस गोलिया ५३० थान (११८८.१२ क्युफिट) काठ बरामद गरेको डिभिजन वन कार्यालय राप्ती मनहरीका सूचना अधिकारी दामोदर पाण्डेले जानकारी दिनुभयो।

उक्त काठसहित ना ८ ख २४९३ नम्बरको ट्रक चालक हेटौंडा उपमहानगर पालिका-१३, पदमपोखरी बस्ने बिन्दा लाल थोकर र बा प्र ०३-००१ ख ०३१५ नम्बरको ट्रक चालक हेटौंडा उपमहानगरपालिका-१४, मयुरधाप बस्ने टिका बहादुर भेटवाललाई पक्राउ गरिएको सूचना अधिकारी पाण्डेले बताउनुभयो। पक्राउ परेका व्यक्ति र सवारी साधन अनुसन्धानको क्रममा डिभिजन वन कार्यालय राप्ती मनहरीमा रहेको उहाँले बताउनुभयो। मकवानपुर जिल्ला अदालतबाट म्याद लिएर हिरासतमै राखी थप अनुसन्धान कार्य भइरहेको बताइएको छ।

## लागूऔषध अफिमसहित मकवानपुरका सूर्य र भिम बारामा पक्राउ



समाज संवाददाता

हेटौंडा : लागूऔषध अफिम र नगदसहित मकवानपुरका २ जनालाई बारा प्रहरीले पक्राउ गरेको छ। मंगलबार बिहान ७ बजेर ३० मिनेटको समयमा विशेष सूचनाको आधारमा खटिएको प्रहरी टोलीले बारा जिल्लाको जीतपुर-सिमरा उपमहानगरपालिका-१, पथलैयाचोकमा हेटौँडाबाट वीरगंजतर्फ जाँदै गरेको प्रदेश २ ०३-००१ प १६१४ नम्बरको स्कुटरबाट लागूऔषध अफिम र नगद बरामद गरेको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ।

प्रहरीलाई देखेर फरार भएको स्कुटरलाई सिमरा उपमहानगरपालिका-२, सूर्य नेपालबाट नियन्त्रणमा लिई सुरक्षाजाँच गर्दा डिक्कीमा लुकाई ल्याएको १३ किलो लागूऔषध अफिम, १ लाख ३३ हजार रुपैयाँ बरामद भएको प्रहरीले जनाएको छ। प्रहरीले स्कुटी चालक मकवानपुरको मनहरी गाउँपालिका-६ का ५४ वर्षीय सूर्य बहादुर मोक्तान र स्कुटीमा सवार कैलाश गाउँपालिका-८ का ४५ वर्षीय भिम बहादुर मोक्तानलाई नियन्त्रणमा लिई अनुसन्धान गरिहेको जानकारी दिएको छ।

## महाकाली-मेची साइकलयात्रीलाई हेटौंडामा स्वागत



समाज संवाददाता

हेटौंडाः इटहरीका महाकाली-मेचीका राष्ट्रिय साइकल यात्रीलाई हेटौंडामा स्वागत गरिएको छ। महाकालीबाट मेचीसम्मको यात्रा सुरु गरेर सोमबार हेटौंडा आइपुग्नु भएका इटहरीका ४ जना साइकल यात्रीलाई हिमालयन राइडर्स सोसाइटी मकवानपुरका अध्यक्ष राजु थापा मगरसहितको टोलीले स्वागत गरेको हो।

गत माघ २३ गते महाकालीबाट यात्रा सुरु गरेका तरहरा साइक्लिङ क्लबका अध्यक्ष रमेश भण्डारी, सचिव सन्तोषकुमार श्रेष्ठ, कोषाध्यक्ष प्रेम तामाङ र इटहरी नगरपालिका-२० नम्बर वडाका वडा सदस्य बहादुर तामाङ छैटौं दिनमा हेटौंडा आइपुग्नुभएको छ। यात्रा टोलीमा रहेका अध्यक्ष भण्डारी ५७ वर्ष उमेरको हुनुहुन्छ। यस्तै, सचिव श्रेष्ठ ४८ वर्ष, कोषाध्यक्ष तामाङ ४२ वर्ष र सदस्य तामाङ ३८ वर्ष उमेरको हुनुहुन्छ। टोलीको प्रतिनिधि विकास घिमिरे २९ वर्षको हुनुहुन्छ।

साइकल यात्रीहरुले प्रत्येक दिन एक सय किलोमिटर दुरीको यात्रा पूरा गर्ने लक्ष्य लिएको हिमालयन राइडर्स सोसाइटी मकवानपुरका अध्यक्ष मगरले जानकारी दिनुभएको छ। सोमबार हेटौंडामा १ रात बिताउनुहुने राष्ट्रिय साइकल यात्रीले मंगलबार बर्दिवाससम्मको यात्रा पूरा गर्ने योजना बनाउनुभएको उहाँले बताउनुभयो। १० दिनको अवधिमा महाकालीबाट मेचीसम्मको यात्रा पूरा गरिने उहाँले बताउनुभयो।

स्वास्थ्य, पर्यावरण र पर्यटन प्रवर्द्धनका लागि साइकल भन्ने मुल नाराका साथ उहाँहरुले यात्रा सुरु गर्नुभएको अध्यक्ष मगरले बताउनुभयो। सोसाइटीले देश विदेशबाट साइकल यात्रा गरेर आउने पर्यटकलाई स्वागत गरेर हौसला बढाउने काम गर्दै आएको उहाँले बताउनुभयो। साइकलको माध्यमले मकवानपुरको पर्यटन क्षेत्रको प्रवर्द्धन गर्ने काम सोसाइटीले गर्दै आएको उहाँले बताउनुभयो।

## लागूऔषध गाँजासहित मोटरसाइकल नियन्त्रणमा

समाज संवाददाता

हेटौँडा : बारा प्रहरीले ७८ किलो लागूऔषध गाँजासहित एउटा मोटरसाइकल नियन्त्रणमा लिएको छ। सोमबार र मंगलबार प्रहरीले छुट्टाछुट्टै स्थानबाट ७८ किलो गाँजासहित एउटा मोटरसाइकल नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय बाराले जानकारी दिएको छ।

सोमबार राती १० बजेर २० मिनेटको समयमा विशेष सूचनाको आधारमा बारा जीतपुर-सिमरा उपमहानगरपालिका-२१ अमलेखगंजचोकमा हेटौँडाबाट वीरगंजतर्फ जाँदै गरेको नम्बर नखुलेको मोटरसाइकलबाट लागूऔषध गाँजा बरामद गरेको थियो। मोटरसाइकल चालक प्रहरीलाई देखेर झोला फालेर फरार भएको बताइएको छ। झोलाबाट प्रहरीले ५५ किलो ९० ग्राम लागूऔषध गाँजा बरामद गरेको छ।

यस्तै, मंगलबार बिहान ९ बजेर ३० मिनेटको समयमा खटिएको प्रहरी टोलीले जीतपुर सिमरा उपमहानगर पालिका-२१, अमलेखगंज चोकमा हेटौँडाबाट वीरगंजतर्फ जाँदै गरेको बा प्र ०२-०४४ प ६७५५ नम्बरको मोटरसाईकलबाट लागूऔषध गाँजा बरामद गरेको छ। मोटरसाइकलमा सवार २ जना प्रहरी टोलीलाई देखेर झोला र मोटरसाइकल छोडेर फरार भएको प्रहरीको भनाइ छ। प्रहरीले झोलाबाट २८ किलो लागूऔषध गाँजा र आईफोन मोबाईल १ थान बरामद गरेको छ।

## क्रेनबाट लडेर रोशन घाइते

समाज संवाददाता

हेटौंडाः त्रिभुवन राजपथअन्तर्गत मकवानपुरको भीमफेदी गाउँपालिका-१, रातोमाटेमा पल्टिएको ग्यास बुलेट उठाएपछि बाटो दुईतर्फ नै सञ्चालनमा आएको छ। मंगलबार दिउँसो २ बजेर ३५ मिनेटको समयमा ग्यास बुलेट उठाएपश्चात् क्रेनमा चढि सामान मिलाउने क्रममा क्रेनबाट लडेर चितवन भरतपुर महानगरपालिका-३, कमलनगरका ३१ वर्षीय रोशन थापा घाइते भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ। घाइते रोशनलाई उपचारका लागि मकवानपुर सहकारी अस्पताल हेटौंडा ल्याइएको छ। रोशनको टाउको पछाडि भागमा चोट लागि मध्यम घाइते भएका छन्। आइतबार राति करिब ९ बजेको समयमा हेटौंडा बजारबाट भैंसेतर्फ जाँदै गरेको एनएल ०१ के ११९७ नम्बरको १२ चक्के भारतीय ग्यास लोड बुलेट गाडी दुर्घटना भएको थियो।

## बेरोजगारको तथ्यांक संकलन गर्दै इन्द्रसरोवर गाउँपालिका

समाज संवाददाता

हेटौँडा : मकवानपुरको इन्द्रसरोवर गाउँपालिकाले बेरोजगार व्यक्तिको तथ्यांक संकलन थालेको छ। गाउँपालिकाले बेरोजगार व्यक्तिलाई कार्यालयमा सूचीकृत हुन मंगलबार एक सूचना जारी गरेको हो।

प्रधानमन्त्री रोजगार कार्यक्रममा सहभागिताका लागि गाउँपालिकाले बेरोजगार व्यक्तिलाई सूचीकृत हुन आग्रह गरेको प्रमुख प्रशासकीय अधिकृत रामचन्द्र लामाले जानकारी दिनुभयो। रोजगारीको हक सम्बन्धी ऐन, २०७५ को दफा ११ को उपदफा १, रोजगारीको हक सम्बन्धी (दोस्रो संशोधन) नियमावली, २०७७ को नियम ७ को उपनियम १ र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालन निर्देशिका, २०७५को दफा १८ उपदफा १ बमोजिम न्यूनतम रोजगारी प्रदानका लागि सूचना आह्वान गरिएको उहाँले बताउनुभयो।

उहाँका अनुसार आगामी आर्थिक वर्ष २०८२/०८३ मा न्युनतम रोजगारीमा संलग्न हुन ईच्छुक १८ वर्ष उमेर पूरा भई ५९ वर्ष ननाघेका बेरोजगार व्यक्तिहरुको सुचीमा सूचीकृत हुन सक्नेछन्। गाउँपालिकाका स्थायी बसोबास गरेको व्यक्तिले सम्बन्धित वडा कार्यालयमा आवश्यक कागजातहरु आगामी फागुन १ गतेदेखि २९ गते भित्र निवेदन दिन सूचनामा उल्लेख छ।

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ।
(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

### आदरणीय वडावासीहरुमा जानकारीका लागि अनुरोध

नेपालको सविधानको भाग ३, मौलिक हकको धारा ३९ मा बालबालिकाको हकसम्बन्धी व्यवस्था भएको स्थानीय सरकार सञ्चालन ऐन, २००४ तथा बालबालिकासम्बन्धी ऐन, २०७५ समेतलाई कार्यान्वयन गर्न। गराउनका लागि यो वडा तत्पर रहेको हुँदा २० वर्ष मुनिका किशोर-किशोरीहरुले विवाह गरे गराएका दुबै पक्ष कानुन बमोजिम दण्डनीय भई उक्त २० वर्ष मुनिको विवाह दर्ता नहुने र स्वतः बदर हुने भएकाले आ-आृनो तर्फबाट सचेत भई अरुलाई समेत सचेत गराई कानुनको पालना गर्न गराउनका लागि हार्दिक अनुरोध गर्दछौं।

साथै १४ वर्ष मुनिका बालबलिकालाई निष्कृष्ट प्रकारको श्रम (जस्तै मोटर ग्यारेज, होटेल, गिट्टी बलुवा ढुवानी आदि) मा नलगाउनु हुन र विद्यालयमा भर्ना गराई नियमित रुपमा पठानपाठन कार्यमा संलग्न गर्न, गराउनु हुन हार्दिक अनुरोध छ। यदि वडा भित्र माथि उल्लेखित कानुन विरुद्धका कार्यहरु भए गरेमा कानुन बमोजिम भई जाने व्यहोरा पनि जानकारी गराइन्छ।

नरनाथ सुवेदी, वडाध्यक्ष
एवम् १९ नम्बर कार्यालय
हेटौंडा उपमहानगरपालिका

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ